**सुदूरपश्चिम विश्वविद्यालय**

**दार्चुला बहुमुखी क्याम्पस, खलंगा दार्चुला**

**अनुसन्धान व्यवस्थापन समिति (RMC)**

**पत्र संख्या:** ०१ **चलानी नं:** ०१/२०८२ **मिति:** २०८२/००४/२७

श्रीमान

क्याम्पस प्रमुखज्यू

दार्चुला बहुमुखी क्याम्पस

खलंगा, दार्चुला

**विषय: वार्षिक कार्ययोजना अनुमोदन सम्बन्धमा**

महोदय,

यस क्याम्पसको अनुसन्धान व्यवस्थापन समितिको पहिलो बैठक मिति २०८२/०४/२७ मा सम्पन्न भई २०८२ साउनदेखि २०८३ आषाढसम्म लागू हुने वार्षिक कार्ययोजना पारित गरेको व्यहोरा अवगत गराउँदैछु। बैठकमा वार्षिक कार्ययोजना अन्तर्गतका अनुसन्धान प्रवर्द्धन, तालिम, गोष्ठी, सम्मेलन, प्रकाशन र विश्वविद्यालय अनुदान आयोग (UGC) बाट प्राप्त हुन सक्ने अनुदानको प्रभावकारी उपयोगबारे विस्तृत छलफल भएको छ।

**बैठकका प्रमुख निर्णयहरू**

- २०८२/८३ सालको वार्षिक कार्ययोजना सर्वसम्मतिबाट पारित गर्ने।
- विश्वविद्यालय अनुदान आयोगमा तालिम, गोष्ठी तथा सम्मेलनका लागि अनुदान प्रस्ताव तयार गरी पेश गर्ने।
- प्राप्त अनुदानको सहयोगले राष्ट्रिय स्तरको तालिम, गोष्ठी तथा सम्मेलन सञ्चालन गर्ने।
- क्याम्पसको पियर-रिभ्यु जर्नल 'अन्वेषण' को चौथो अङ्क मिति २०८२/१०/१७ भित्र प्रकाशन गर्ने।

- अनुसन्धान व्यवस्थापन समितिको बैठक, तालिम र अन्य नियमित गतिविधिका लागि सुविधासम्पन्न कक्षको व्यवस्था गर्ने।
- समितिका कार्यक्रम र गतिविधि प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक वार्षिक बजेट सुनिश्चित गर्न क्याम्पस प्रशासनलाई अनुरोध गर्ने।

उपरोक्त निर्णयहरूको कार्यान्वयनका लागि अनुसन्धान व्यवस्थापन समितिको कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक बजेट तथा सुविधासम्पन्न कक्ष (फर्निचर, कम्प्युटर तथा ल्यापटप, इन्टरनेट, प्रिन्टर आदि) को व्यवस्था गरिदिनुहुन यसै पत्रमार्फत हार्दिक अनुरोध गर्दछु।

यसैसँग संलग्न वार्षिक कार्ययोजना (२०८२/८३) र बैठकको विवरण समेत बुझाइएको छ।

**हस्ताक्षर**

**..................................**

डम्मर सिंह साउद
अध्यक्ष, अनुसन्धान व्यवस्थापन समिति (RMC)
दार्चुला बहुमुखी क्याम्पस

..................................

माधव प्रसाद अवस्थी
सदस्य, अनुसन्धान व्यवस्थापन समिति (RMC)
दार्चुला बहुमुखी क्याम्पस

..................................

खेमराज भट्ट
सदस्य सचिव, अनुसन्धान व्यवस्थापन समिति (RMC)
दार्चुला बहुमुखी क्याम्पस

**सुदूरपश्चिम विश्वविद्यालय**

**दार्चुला बहुमुखी क्याम्पस, खलंगा, दार्चुला**

**अनुसन्धान व्यवस्थापन समिति (RMC)**

**पत्र संख्या**: २ **चलानी नम्बर**: ०२/२०८२ **मिति**: २०८२/०४/२७

श्रीमान
क्याम्पस प्रमुखज्यू
दार्चुला बहुमुखी क्याम्पस
खलंगा, दार्चुला

**विषय: वार्षिक कार्ययोजना सम्बन्धमा**

महोदय,

यस अनुसन्धान व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी प्राप्त गरेअनुसार, सुदूरपश्चिम विश्वविद्यालयको कार्यविधि, नियमावली तथा अनुसन्धान प्रवर्द्धनका उद्देश्यलाई दृष्टिगत गरी दार्चुला बहुमुखी क्याम्पसको शैक्षिक, प्राज्ञिक र अनुसन्धान क्षमतामा प्रत्यक्ष योगदान पुऱ्याउने, साथै क्याम्पस र विश्वविद्यालय अनुदान आयोग (UGC) बाट उपलब्ध हुने बजेट तथा अनुदानको प्रभावकारी उपयोग हुने गरी, यो वार्षिक कार्ययोजना तयार गरी पेश गरिएको छ।

**१. उद्देश्य**

- क्याम्पसमा अनुसन्धान संस्कृतिको प्रवर्द्धन र संस्थागत गर्ने।
- प्राध्यापक, कर्मचारी र विद्यार्थीको अनुसन्धान र प्रकाशन क्षमताको वृद्धि गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुसन्धान प्रस्तुत गर्ने अवसरको विस्तार गर्ने।
- अनुसन्धानका नीतिगत मापदण्ड, नैतिकता र गुणस्तर सुनिश्चित गर्ने।

- UGC लगायतका निकायबाट अनुदान प्राप्त गरी अनुसन्धान-सम्बन्धी गतिविधि सुदृढ गर्ने।

**२. प्रमुख कार्यक्षेत्र**

- अनुसन्धान प्रवर्द्धन, प्रोत्साहन र समन्वय
- तालिम, गोष्ठी र सम्मेलन आयोजना
- पियर-रिभ्यु जर्नल प्रकाशन
- अनुदान प्रस्ताव निर्माण र अनुदानका लागि पहल गर्ने
- समुदाय-आधारित अनुसन्धान परियोजना सञ्चालन
- अन्तर-क्याम्पस र रास्ट्रीय तथा अन्तर्राष्ट्रिय अनुसन्धान आदान-प्रदान कार्यक्रम

**३. मासिक/त्रैमासिक गतिविधि तालिका**

**वार्षिक कार्ययोजना 2082/83 को त्रैमासिक कार्यतालिका**

| महिना | कार्यक्रम तथा गतिविधि |
|---|---|
| पहिलो त्रैमास (श्रावण - आश्विन) | 1. वार्षिक कार्ययोजना स्वीकृति र प्रारम्भिक बैठक।<br>2. अनुसन्धान सम्बन्धी प्रस्ताव आह्वान र छनोट।<br>3. पियर रिभ्यु जर्नल 'अन्वेषण' चौथो अंकको सम्पादकीय तयारी सुरु।<br>4. UGC अनुदानका लागि तालिम/गोष्ठी/सम्मेलन प्रस्ताव तयार। |
| दोस्रो त्रैमास (कार्तिक - पुस) | 1. UGC प्रस्ताव पेश र अनुदान स्वीकृति प्रक्रियामा सहभागिता।<br>2. अनुसन्धान परियोजना कार्यान्वयन सुरु।<br>3. तालिम/गोष्ठीको तयारी र आवश्यक |

| | |
|---|---|
| | सामग्री संकलन।<br>4. जर्नल 'अन्वेषण' को पाण्डुलिपि संकलन र समीक्षा। |
| तेस्रो त्रैमास (माघ - चैत्र) | 1. UGC अनुदान सहयोगमा तालिम/गोष्ठी/सम्मेलन सञ्चालन।<br>2. अनुसन्धान नतिजा संकलन र विश्लेषण।<br>3. जर्नल 'अन्वेषण' को सम्पादन र प्रकाशन।<br>4. शैक्षिक तथा अनुसन्धान भ्रमण। |
| चौथो त्रैमास (बैशाख - असार) | 1. अन्तिम मूल्यांकन र प्रतिवेदन तयार।<br>2. वार्षिक उपलब्धि मूल्यांकन बैठक।<br>3. अर्को वर्षको कार्ययोजना प्रारूप तयार।<br>4. आर्थिक प्रतिवेदन तथा अभिलेख अद्यावधिक। |

**४. विशेष पहलहरू**

- अनुसन्धान कोष स्थापना (विश्वविद्यालय/क्याम्पस/बाहय निकाय सहकार्यमा)
- Faculty Research Circle गठन
- Student Research Forum स्थापना
- अनलाइन अनुसन्धान डेटाबेस विकास (अन्तर्राष्ट्रिय जर्नल, रिपोर्ट, नीतिगत कागजात पहुँच)
- समुदाय-आधारित अनुसन्धान परियोजना सञ्चालन
- UGC, अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग अनुदान-सहकार्य विस्तार

**५. मूल्याङ्कन र प्रतिवेदन**

- त्रैमासिक प्रगति प्रतिवेदन
- वार्षिक प्रतिवेदन
- प्रकाशित अनुसन्धान प्रतिफलको संख्या
- तालिम/सम्मेलन संचालन र सहभागिता दर
- स्वीकृत अनुसन्धान प्रस्ताव संख्या
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तुतिहरूको संख्या

**हस्ताक्षर**

............................................

डम्मर सिंह साउद

अध्यक्ष, अनुसन्धान व्यवस्थापन समिति (RMC)

दार्चुला बहुमुखी क्याम्पस

............................................

माधव प्रसाद अवस्थी

सदस्य, अनुसन्धान व्यवस्थापन समिति (RMC)

दार्चुला बहुमुखी क्याम्पस

............................................

खेमराज भट्ट

सदस्य सचिव, अनुसन्धान व्यवस्थापन समिति (RMC)

दार्चुला बहुमुखी क्याम्पस